नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

जिल्ला विपद् व्यवस्थापनपन समिति(DDMC), रसुवा
बैठक मितिः २०७७/०२/२२

**निर्णयहरु**

१. नेपाल भित्रिने मनसुनका कारण हुनसक्ने बाढी, पहिरो तथा डुवानजस्ता प्रकोपका कारण हुनसक्ने सम्भावित विपद् तथा सडक अवरोधलाई तत्काल हटाई सुचारु गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहहरुसँग समेत समन्वय गर्ने गरी देहाय बमोजिमको सडकखण्डको जिम्मेवारी निम्न निकायहरुलाई तोक्ने । जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार थप सडकखण्डको अवरोध हटाउनको लागि समेत अनुरोध गर्नसक्ने ।

निम्नः

| क्र.सं. | सडकखण्ड | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | बेत्रावती-मैलुङ-स्याफ्रुवेशी सडकखण्ड र शान्तिबजार डाँडागाउँ-ठूलोगाउँ सडकखण्ड | • उत्तरगया गाउँपालिका<br>• गल्छी-त्रिशुली-बेत्रावती-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी सडक योजना कार्यालय | • त्रिशुली ३ए जलविद्युत आयोजना<br>• माथिल्लो मैलुङ जलविद्युत आयोजना<br>• त्रिशुली ३बि जलविद्युत आयोजना<br>• माथिल्लो त्रिशुली-१ (२१६ मे.वा.) जलविद्युत आयोजना |
| २ | बेत्रावती-कालिका-राम्चे-ठाँडे सडकखण्ड | • उत्तरगया गाउँपालिका<br>• कालिका गाउँपालिका | • डिभिजन सडक कार्यालय, नुवाकोट |
| ३ | ठाँडे-धुन्चे-स्याफ्रुवेशी-रसुवागढी सडकखण्ड | • गोसाईकुण्ड गाउँपालिका<br>• आमाछोदिङमो गाउँपालिका | • चिलिमे जलविद्युत कम्पनी<br>• रसुवा-भोटेकोशी जलविद्युत आयोजना<br>• लाङटाङ खोला जलविद्युत आयोजना<br>• रसुवागढी जलविद्युत आयोजना |
| ४ | बेत्रावती-भोर्ले-पार्च्याङ-यार्सा सडकखण्ड | • नौकुण्ड गाउँपालिका | • सम्बन्धित गाउँपालिकाहरुले जलविद्युत आयोजनासँग समन्वय गर्ने<br>• सम्बन्धित प्रदेशको पूर्वाधार विकास कार्यालय (रसुवा जिल्ला हेर्ने) |
| ५ | स्याफ्रुवेशी-गत्लाङ-मानचेत सडकखण्ड | • गोसाईकुण्ड गाउँपालिका<br>• आमाछोदिङमो गाउँपालिका | • साञ्जेन जलविद्युत आयोजना<br>• चिलिमे जलविद्युत कम्पनी<br>• सोमदाङ खोला जलविद्युत आयोजना |
| ६ | रुँगा-चिलिमे-थाम्बुचेत सडकखण्ड | • आमाछोदिङमो गाउँपालिका | • साञ्जेन खोला(सालासुङ्गी) जलविद्युत आयोजना<br>• साञ्जेन जलविद्युत आयोजना<br>• लाङटाङ-भोटेकोशी जलविद्युत आयोजना |

२. बाढी, पहरो डुवानको जोखिम न्यूनिकरणको लागि उपयुक्त स्थानमा विभिन्न सरकारी, अर्धसरकारी, गैरसरकारी निकायहरुको समन्वयमा पूर्व सूचना प्रणाली स्थापना गर्न पहल गर्ने ।

३. जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पेश भएको रसुवा जिल्लाको मनसुन आपतकालिन कार्ययोजना, २०७७ अनुमोदन गरियो । साथै सम्बन्धित निकायहरुले सो को प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने ।

४. मनसुन पूर्व तयारी तथा मनसुनबाट हुन सक्ने जोखिम तथा क्षतिलाई न्यूनिकरण गराउने उदेश्यले खोजेको बखत तुरुन्त उपलब्ध हुने गरी निम्न निकायले खोज तथा उद्धारकर्ता समूह तयारी अवस्थामा राख्ने ।

- नेपाली सेना - ३०
- नेपाल प्रहरी - १०
- सशस्त्र प्रहरी - १०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

- नेपाल रेडक्रस सोसाईटी, रसुवा - २०
- प्रत्येक वडास्तरमा ५/५ जना वडा कार्यालय अन्तर्गत

५. जिल्ला राहत कोषमा रहेको रकमबाट विगत वर्षहरुदेखि नै विपद् मा परेको व्यक्ति परिवारलाई तत्काल राहत उपलब्ध गराउने उदेश्यले जिल्ला प्रशासन कार्यालय रसुवा र रसुवा किराना पसल स्टोर्स(प्रो.डुप दोर्जे तामाङ), धुन्चे रसुवा बीच रु.१,१०,०००/-(एक लाख दश हजार) बराबरको खाद्यान्न उपलब्ध गराउने मिति २०७६/१२/३० मा भएको सम्झौता(Standby Agreement) अनुमोदन गर्ने।

६. एक गाउँपालिका एक हेलिप्याड निर्माण गर्ने योजना अनुरुप हेलिप्याड निर्माण हुन बाँकी गाउँपालिकाहरुले हेलिप्याड निर्माण गर्ने।

७. जिल्लाका सबै स्थानीय तहहरुले आ-आफ्नो गाउँपालिका गठित स्थानीय विपद् व्यवस्थापन समितिको सक्रियता बढाउने, बैठक र अन्तरक्रिया आयोजना गर्ने, स्थानीय गाउँपालिकास्तरमा खोज तथा उद्धार सामग्रीहरु भण्डारण घर(Ware House) स्थापना गर्ने, प्रत्येक वडास्तरमा ५/५ जनाको खोज तथा उद्धार(SAR) युवा समूह निर्माण गरी प्रशिक्षकको प्रभावकारी व्यवस्था मिलाउने, प्राथमिक उपचार सीप सिकाई आवश्यक जनशक्ति तयार गर्ने र विपद् राहत कोष निर्माण सञ्चालन र परिचालन गर्ने व्यवस्था मिलाउने।

८. विगत वर्षहरुमा झै मनसुनबाट प्रभावित सडक क्षेत्रमा हुने अवरोध, मर्मत, निर्माण जस्ता कार्यहरु गर्न प्रयोग हुने उपकरणहरुको लागि स्थायी रुपमा Fuel Bank स्थापना गर्ने। यसको सहजीकरण, समन्वयका लागि निम्न निकायहरुलाई तोक्ने।

<u>निम्नः</u>

- जिल्ला समन्वय समिति संयोजक
- जिल्लास्थित ५ वटै गाउँपालिका
- उद्योग वाणिज्य संघ रसुवा
- पासाङ ल्हामु यातायात प्रा.लि.
- केरुङ यातायात प्रा.लि.
- टिमुरे यातायात प्रा.लि.
- मिनी गोसाईकुण्ड यातायात प्रा.लि.
- पर्यटकको सहजताका लागि सञ्चालित टाटासुमो, स्कोर्पियो यातायात सेवाहरु

९. कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रण सम्बन्धमा सबै निकायहरु(गाउँपालिका, स्थानीय प्रशासन, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी लगायत अन्य गैसस संस्थाहरु)ले आ-आफ्नो जिम्मेवारी अनुरुप समन्वयात्मक रुपमा काम गर्ने।

१०. कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रण सो संक्रमणबाट मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी अनुकरण अभ्यास(Simulation Exercise) नेपाली सेना, कालीजंग गणको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्वास्थ्य कार्यालय, रसुवा अस्पताल र नेपाल रेडक्रस शाखा रसुवाको समन्वयमा सञ्चालन गर्ने।